# राष्ट्रिय समावेशी आयोग

## <u>समावेशीकरण सम्बन्धी स्मारिका प्रकाशनको लागि लेख/रचना उपलब्ध गराउने सम्बन्धी सूचना</u>

यस आयोगले आ.व. २०८१/८२ को बार्षिक स्विकृत कार्यक्रम अन्तर्गत स्मारिका प्रकाशन गर्न गईरहेको छ। नेपालको संविधान र राष्ट्रिय समावेशी आयोग ऐन, २०७४ बमोजिम यस आयोगको कार्यक्षेत्र भित्र रहेका लक्षित वर्ग, क्षेत्र र समुदायहरु खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, श्रमिक, पिछडिएको क्षेत्र, श्रमिक, किसान, अल्पसंख्यक, सिमान्तीकृत समुदाय, पिछडिएको वर्ग, कर्णालीमा बसोबास गर्ने र आर्थिक रुपले विपन्न वर्ग लगायत समुदाय सम्बन्धी बिषय समेटेर समावेशीकरण स्मारिका प्रकाशन गरिनेछ। यस स्मारिकामा लेख/रचना प्रकाशन गराउन चाहनुहुने विद्वान् लेखक महानुभावहरुलाई माथि उल्लिखित विषयमा तपसिल बमोजिमको बुँदाको अधीनमा रही २०८१ साल माघ महिनाको १५ गते सम्ममा आफ्नो लेख/ रचना यस मन्त्रालयमा उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ।

तपसिलः

१. लेख/ रचनाको भाषा नेपाली हुनुपर्नेछ।
२. लेख रचना ३०००-५००० शब्दको हुनु पर्नेछ।
३. लेख रचनाको लागि कालीमाटी युनिकोड फन्ट प्रयोग गर्नु पर्ने र फन्ट साइज ११ मा टाइप भएको हुनुपर्नेछ।
४. लेखकले आफ्नो लेख/रचनामा सार संक्षेप, पृष्ठभूमि, बिषयवस्तुको विश्लेषण, निर्कर्ष र सन्दर्भ सामग्री हुनुपर्नेछ ।
५. लेख/रचना तथ्य, तथ्यांक, तर्क, विचार र शोध सामग्रीको आधारमा लेखिएको र मौलिक हुनु पर्दछ।
६. लेख/रचनाका साथ लेखकले आफ्नो तस्वीर, इमेल ठेगाना र फोन नम्बर पठाउनुपर्नेछ।
७. माथि उल्लिखित विवरण पूरा नगरी आएका लेख/ रचना प्रकाशन गर्न आयोग बाध्य हुने छैन।
८. प्राप्त लेख/रचनाहरु छनौट गर्ने वा नगर्ने अधिकार सम्पादक समितिलाई हुनेछ।
९. प्रकाशनका लागि छनौट भएका लेख रचनाको नियमानुसार पारिक्षमिक उपलब्ध गराइनेछ।
१०. लेख/रचना आयोगको इमेल ठेगाना info@ninc.gov.np मा पठाउन सकिनेछ।

# स्मारिकाको लागि लेख/रचनाका विषय तथा शिर्षक

१. नेपालमा समवेशीकरणका लागि भएका प्रयास, समस्या तथा चुनौती र भावी कार्यदिशा
२. निर्वाचन प्रणालीमा समावेशीकरणको अवस्था सन्दर्भ
३. ज्येष्ठ नागरिक संरक्षणको लागि राज्यबाट भएको प्रयास र भविष्यमा गर्नुपर्ने कार्यहरू
४. अपाङ्गता भएका व्यक्तिको समग्र विकासमा राज्यले खेलेको भूमिका
५. नेपालमा किसान अधिकारका सवाल, कानूनी अधिकार, कार्यान्वयनमा देखिएका समस्या/चुनौती र आगामी कार्यदिशा
६. श्रम सम्बन्धलाई व्यवस्थित गर्न भएका प्रयास, समस्या र चुनौती
७. पिछडिएको क्षेत्रको समग्र विकास र राज्यका मूलधारमा समावेश गराउने उपाय र चुनौती
८. तराईका पिछडा वर्गको लागि राज्यले अबलम्बन गर्नुपर्ने उपायहरू
९. सिमान्तकृत, पिछडिएको वर्ग तथा अल्पसंख्यकको उत्थानमा राज्यको भूमिका
१०. भाषा संस्कृतिको समावेशीकरणमा महत्व तथा भूमिका

सम्पर्कः प्रशासन, योजना तथा अनुगमन शाखा
इमेल info@ninc.gov.np फोन नं.०१५५५५३२७